नेपाल सरकार
# नेपाल कृषि अनुसन्धान परिषद्
(नेपाल सरकारद्वारा नेपाल कृषि अनुसन्धान परिषद् ऐन २०४८ अन्तर्गत स्थापित)
(.................................................... महाशाखा)

पत्र संख्या: २०८० / ८१
चलानी नं. १४८०

कृषि अनुसन्धान भवन
सिंहदरबार प्लाजा
काठमाण्डौं, नेपाल ।

मितिः २०८०/०८/२१

माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रिज्यू,
एवं अध्यक्ष नेपाल कृषि अनुसन्धान परिषद्
सिंहदरवार, काठमाण्डौ।

विषयः नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०८० संसोधनको लागि पेश गरिएको बारे।

उपरोक्त विषयमा नेपाल कृषि अनुसन्धान परिषद् मिति २०८०/२/४ गते बसेको ६३ औं बैठकको निर्णय बमोजिम गठित उच्च स्तरीय उपसमितिले तयार पारेको प्रतिवेदन, माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यूको समुपस्थितिमा मिति २०७५/५/४ को नेपाल कृषि अनुसन्धान परिषद् पुनसंरचना अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन र बिभिन्न चरणमा भएका छलफलहरुको प्रतिवेदन समेत अध्ययन गरि तयार गरिएको नेपाल कृषि अनुसन्धान परिषद् (दोस्रो संसोधन) ऐन, २०८० स्वीकृत प्रक्रियाको लागि माननीय मन्त्रीज्यू समक्ष पेश गर्दछु।

..........................
डा. ध्रुबराज भट्टराई
कार्यकारी निर्देशक

पत्राचार: पोष्ट ब.नं. ५४५९, काठमाण्डौं, नेपाल ।

# नेपाल कृषि अनुसन्धान परिषद् (दोस्रो संशोधन) ऐन, २०८०

नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ मा दोस्रो संशोधन गर्न वाञ्छनीय भएकोले, संघिय संसदले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नेपाल कृषि अनुसन्धान परिषद् (दोस्रो संशोधन) ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा २ मा संशोधनः**

(१) मूल ऐनको दफा २ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः -

"(च) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियमावलीमा तोकिएको" वा "तोकिए बमोजिम" सम्झनुपर्छ ।"

**३. मूल ऐनको दफा ३ मा संशोधनः** मूल ऐनको दफा ३ को उपदफा (१) मा रहेको "अध्ययन तथा अनुसन्धान" भन्ने शब्दहरुको सट्टा "अध्ययन, अनुसन्धान तथा अध्यापन" भन्ने शब्दहरु राखिएको छ ।

**४. मूल ऐनको दफा ५ मा संशोधनः** मूल ऐनको दफा ५ को खण्ड (क) मा रहेको "अध्ययन तथा अनुसन्धान" भन्ने शब्दहरुको सट्टा "अध्ययन, अनुसन्धान तथा अध्यापन" भन्ने शब्दहरु राखिएको छ ।

**५. मूल ऐनको दफा ६ मा संशोधनः** मूल ऐनको दफा ६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

(१) परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (कृषि क्षेत्र हेर्ने) - सदस्य

(ग) सचिव, कृषि तथा पशुपन्छी बिकाश मन्त्रालय (कृषि) - सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ङ) सचिव, शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालय - सदस्य

(च) सचिव, कृषि तथा पशूपंक्षी विकास मन्त्रालय (पशुपन्छी) - सदस्य

(छ) शिक्षाध्यक्ष, त्रिभुवन विश्वविद्यालय -
सदस्य

(ज) शिक्षाध्यक्ष, कृषि तथा वन विज्ञान विश्वविद्यालय - सदस्य

(झ) सचिव, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान - सदस्य

(ञ) परिषद्बाट अवकास प्राप्त अनुभवि कृषि वैज्ञानिकहरु
मध्येवाट नेपाल सरकारले मनोनित गरेको एकजना - सदस्य

(ट) परिषद् मा कार्यरत वैज्ञानिकहरु मध्येवाट नेपाल
सरकारले मनोनित गरेको एकजना - सदस्य

(ठ) उत्कृष्ट व्यावसायिक कृषकहरु मध्येवाट नेपाल सरकारले
मनोनित गरेको दुईजना - सदस्य

(ड) कृषि विकासको क्षेत्रमा उल्लेखनीय कार्य गरेका कृषि उद्यमीहरु
मध्येबाट नेपाल सरकारले मनोनित गरेको दुईजना

(ढ) कार्यकारी अध्यक्ष -सदस्य सचिव

**६. मूल ऐनको दफा ६ क. मा संशोधनः मूल** ऐनको दफा ६ क. को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

(४) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित परिषद सदस्यहरु मध्येवाट क्रमानुसारको सदस्यले गर्नेछ ।

**७. मूल ऐनको दफा ६ ख. मा संशोधनः** मूल ऐनको दफा ६ ख. को खण्ड (क) (ख) र (ग) मा रहेका "अध्ययन तथा अनुसन्धान" भन्ने शब्दहरुको सट्टा "अध्ययन, अनुसन्धान तथा अध्यापन" भन्ने शब्दहरु राखिएको छ ।

**८. मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

"७. कार्यकारी समितिको गठनः परिषद्को कार्य सञ्चालनको निमित्त देहाय बमोजिमका सदस्यहरु रहेको एउटा कार्यकारी समिति हुनेछः

(क) कार्यकारी अध्यक्ष - अध्यक्ष

(ख) डीन, कृषि तथा पशुविज्ञान अध्ययन संस्थान, त्रि.वि. - सदस्य

(ग) सह सचिव, बजेट तथा कार्यक्रम महशाखा अर्थ मन्त्रालय - सदस्य

(घ) सह सचिव (योजना), कृषि तथा पशुपन्छी बिकाश मन्त्रालय - सदस्य

(ङ) सह सचिव (कृषि क्षेत्र हेर्ने), राष्ट्रिय योजना आयोग - सदस्य

(च) सह सचिव, शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालय - सदस्य

(छ) कार्यक्रम निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् - सदस्य सचिव

**९. मूल ऐनको दफा ९. मा संशोधनः** मूल ऐनको दफा ९ को विभिन्न स्थानमा रहेका "अध्ययन तथा अनुसन्धान" भन्ने शब्दहरुको सट्टा "अध्ययन, अनुसन्धान तथा अध्यापन" भन्ने शब्दहरु राखिएको छ ।

**१०. मूल ऐनको दफा १२ मा संशोधनः** मुल ऐनको दफा १२ को उपदफा (१) मा रहेको "व्यवसायिक लेखा प्रणाली" भन्ने शव्दहरुको सट्टा "नेपाल सरकारले अवलम्वन गरेको" भन्ने शव्दहरु राखिएका छन् ।

**११. मूल ऐनको दफा १३ मा संशोधनः** मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छः-

**कार्यकारी अध्यक्ष** (१) परिषद्को कार्यकारी निर्देशकको सट्टा कार्यकारी अध्यक्ष हुने छ । कार्यकारी अध्यक्ष नेपाल सरकारको सचिव सरह हुने छ जसको सचिवालय कृषि तथा पशुपंछी विकास मन्त्रालयमा पनि रहने छ ।

(२) नेपाल कृषि अनुसन्धान परिषद्को प्रशासकीय प्रमुखको रुपमा कार्यकारी अध्यक्ष रहनेछ ।

(३) कार्यकारी अध्यक्ष नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिश पेश गर्न देहाय बमोजिम सिफारिस समिति रहनेछः-

(क) मुख्य सचिव, नेपाल सरकार - अध्यक्ष

(ख) परिषद्को अध्यक्षले तोकेको लब्ध प्रतिष्ठित कृषि बिज्ञ दुई जना - सदस्य

(४) उपदफा (३) बमोजिमको सिफारिस समितिले तीनजना व्यक्तिहरुलाई कार्यकारी अध्यक्ष नियुक्तिका लागि सिफारिस गर्नेछ र नेपाल सरकारले ती व्यक्तिहरुमध्येबाट एकजनालाई कार्यकारी अध्यक्षमा चार बर्षको लागि नियुक्त गर्नेछ ।

(५) उपदफा (४) बमोजिम कार्यकारी अध्यक्षमा सिफारिस हुने व्यक्तिको शैक्षिक योग्यता कम्तिमा बरिस्ठ वैज्ञानिक र विद्यावारिधी उपाधि हासिल गरेको, कृषि अनुसन्धान र व्यवस्थापनमा कम्तिमा १५ वर्षको कार्य अनुभव रहेको हुनुपर्नेछ ।

(६) नियुक्त कार्यकारी अध्यक्षको पारिश्रमिक, सेवाको शर्त तथा सुविधाहरु नेपाल सरकारले तोके बमोजिम हुनेछ।

**<u>१२. मूल ऐनको दफा १४ मा संशोधनः</u>** मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छ :-

(१) परिषद्को कार्य संचालनको निमित्त कृषि अनुसन्धान सेवा गठन भई लोक सेवा आयोगको सिफारिसमा कार्यकारी समितिले आवश्यक कर्मचारीहरु नियुक्ति गर्नेछ ।

(२) परिषद्को सेवा अन्तर्गत हाल कार्यरत कर्मचारीहरु उपदफा (१) बमोजिम नियुक्ती भएको मानिनेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त परिषद्का कर्मचारीहरुको पारिश्रमिक, सेवा, शर्त, सुविधा, तलव, भत्ता आदि नेपाल सरकारको निजामती कर्मचारीले पाएको भन्दा कम नहुने गरी तोकिए बमोजिम हुनेछ ।

(४) नेपाल सरकारले निजामति कर्मचारीहरुको पारिश्रमिक, सेवा, सुविधा, तलव, भत्ता आदि सम्वन्धमा समय समयमा परिमार्जन गरेमा परिषद् मा स्वतः लागु हुनेछ ।

(५) परिषद्का कर्मचारीहरुको नियमानुसारको निवृत्तिभरण, उपदान, सरकारी राहदानी, सिभिल अस्पताल र औषधि उपचार वीमा लगायतका सुविधाहरु नेपाल सरकारको निजामती कर्मचारी सरह हुनेछ ।

(६) परिषद्का कर्मचारीहरुलाई विशेष थप सुविधा दिन आवश्यक देखेमा नेपाल सरकारको स्वीकृतिमा परिषद्ले निर्णय गरी लागु गर्न सक्नेछ ।

(७) परिषद् मा हाल कायम रहेका पद र तहहरुको समायोजन तथा समकक्षता निर्धारण विनियमावलीमा व्यवस्था गरिनेछ ।

**<u>१३. मूल ऐनको दफा १९ मा संसोधन:-</u>** मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छ ।

"१९. विनियमावली बनाउने अधिकार:- यो ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्को सिफारिसमा नेपाल सरकारले आवश्यक विनियमावलीहरु बनाउन सक्नेछ ।"

**नेपाल कृषि अनुसन्धान परिषद् (दोस्रो संशोधन) ऐन, २०८०**

| क्र.स. | हालको ब्यबस्था | संसोधनको प्रस्तावित मस्यौदा | संसोधनको कारण |
|---|---|---|---|
| १. | **१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "नेपाल कृषि अनूसन्धान परिषद् ऐन, २०४८ " रहेकोछ।<br>(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ । | **१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नेपाल कृषि अनुसन्धान परिषद् (दोस्रो संशोधन) ऐन, २०८०" रहेको छ ।<br>(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ । | नेपाल कृषि अनूसन्धान परिषद् ऐन, २०४८ लाई समय सापेक्ष गर्नु पर्ने भएकोले |
| २. | २. (च) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ । | **२. नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा २ मा संशोधनः**<br>(१) मूल ऐनको दफा २ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-<br>"(च) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियमावलीमा तोकिएको" वा "तोकिए बमोजिम" सम्झनुपर्छ ।" | विनियमावलीद्वारा व्यवस्थित गर्नुपर्ने आवश्यकता भएकोले |
| ३ | ३. **परिषद्को स्थापनाः** (१) कृषि क्षेत्रका समस्या पहिल्याई त्यसको निराकरणका उपायहरु पत्ता लगाउने प्रयोजनको लागि कृषि सम्बन्धी उच्च स्तरीय अध्ययन तथा अनुसन्धान गर्न गराउन नेपाल कृषि अनुसन्धान परिषद् स्थापना गरिएकोछ ।<br>(२) परिषद्को कार्यालय काठमाडौं उपत्यकामा रहनेछ। | **३. मूल ऐनको दफा ३ मा संशोधनः** मूल ऐनको दफा ३ को उपदफा (१) मा रहेको "अध्ययन तथा अनुसन्धान" भन्ने शब्दहरुको सट्टा "अध्ययन, अनुसन्धान तथा अध्यापन" भन्ने शब्दहरु राखिएको छ । | परिषद् अन्तर्गत मानित विश्वविद्यालय संचालनार्थ |
| ४ | **परिषद्को उद्देश्यः** परिषद्को उद्देश्य देहाय बमोजिम हुनेछः | **४. मूल ऐनको दफा ५ मा संशोधनः** मूल ऐनको दफा ५ को खण्ड (क) मा रहेको "अध्ययन तथा अनुसन्धान" भन्ने शब्दहरुको सट्टा "अध्ययन, | विद्यमान पूर्वाधार, स्रोतसाधन तथा मानव संशाधनको समुचित उपयोगबाट मूलूककै समस्यामा |

| | | | |
|---|---|---|---|
| | (क) कृषि सम्बन्धी उच्चस्तरीय अध्ययन तथा अनूसन्धान गर्ने गराउने । | अनुसन्धान तथा अध्यापन" भन्ने शब्दहरु राखिएको छ । | गरिएका अनुसन्धानका आधारमा स्नातकोत्तर र विद्यावारिधि डिग्री प्रदान गर्न परिषद अन्तर्गत मानित विश्वविद्यालय संचालनगर्न बान्छनीय भएको । यस्तै व्यवस्था भारतीय कृषि अनुसन्धान परिषदमा सफलताका साथ संचालन भइरहेको र नेपालमै पनि स्वास्थ्य तथा चिकित्सा क्षेत्रमा यो व्यवस्था भएकोले। |
| ५ | ६ <u>परिषद्को गठनः</u> (१) परिषद्को गठन देहाय वमोजिम हुनेछ:<br>(क) कृषि मन्त्री अध्यक्ष<br>(ख) सदस्य, (कृषि क्षेत्र हेर्ने) राष्ट्रिय योजना आयोग- सदस्य<br>(ग) सचिव, कृषि मन्त्रालय- सदस्य<br>(घ) सचिव, अर्थ मन्त्रालय- सदस्य<br>(ङ) सचिव, वन तथा बाताबरण मन्त्रालय-सदस्य<br>(च) सचिव, शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालय-सदस्य<br>(छ) सचिव, नेपाल बिज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान- सदस्य<br>(ज) डीन, कृषि तथा पशु बिज्ञान अध्ययन संस्थान- सदस्य | **<u>५. मूल ऐनको दफा ६ मा संशोधनः</u>** मूल ऐनको दफा ६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>"(१) परिषद्को गठन देहाय बमोजिम हुनेछः -<br>(क) मन्त्री, कृषि तथा पशुपन्छी बिकास मन्त्री-अध्यक्ष<br>(ख) सदस्य, (कृषि क्षेत्र हेर्ने) राष्ट्रिय योजना आयोग-सदस्य<br>(ग) सचिव, कृषि तथा पशुपन्छी बिकाश मन्त्रालय-सदस्य<br>(घ) सचिव, अर्थ मन्त्रालय- सदस्य<br>(ङ) सचिव, शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालय-सदस्य<br>(च) सचिव, कृषि तथा पशूपंक्षी विकास मन्त्रालय (पशु पन्छी) - सदस्य | मानित विश्वविद्यालय स्थापना पश्चात परिषद्को संरचनामा शंसोधन गर्नूपर्ने भएकोले सोही अनूसार परिषद् गठन संशोधनको प्रस्ताव गरिएको साथै नेपालमा हाल संचालित मानित विश्व विद्यालय स्वरुपका स्वास्थ्य बिज्ञान प्रतिष्ठानहरु गठन सम्वन्धमा संरचना अनुसार मिलाउनु पर्ने भएकोले । |

| | | | |
|---|---|---|---|
| | (झ) परिषदमा कार्यरत अनुभवी कृषि बैज्ञानिकहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनीत एकजना-सदस्य<br>(ञ) कृषि अनुसन्धानको क्षेत्रमा योगदान पुर्याइ सम्बन्धित संस्थामा कार्यरत बैज्ञानिक हरु मध्येबाट नेपाल सरकारद्वारा मनोनीत दूई जना- सदस्य<br>(६) प्रतिष्ठीत् व्यवसायिक कृषक वा परिषद्को सेवाबाटनिबृत्त बैज्ञानीकहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनीत दूई जना-सदस्य<br>(७) कृषि क्षेत्रमा संलग्न उद्यमीहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनीत एक जना-सदस्य<br>(८) कृषि अनूसन्धानको क्षेत्रमा गैर सरकारी संस्थामा संलग्न व्यक्तिहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनीत एक जना-<br>सदस्य<br>(९) कार्यकारी निर्देशक- सदस्य सचिव | (छ) शिक्षाध्यक्ष, त्रिभुवन विश्वविद्यालय -सदस्य<br>(ज) शिक्षाध्यक्ष, कृषि तथा वन विज्ञान विश्वविद्यालय- सदस्य<br>(झ) सचिव, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान - सदस्य<br>(ञ) परिषद् बाट अवकास प्राप्त अनुभवि कृषि बैज्ञानिकहरु मध्येवाट नेपाल सरकारले मनोनित गरेको एकजना- सदस्य<br>(ट) उत्कृष्ट व्यावसायिक कृषकहरु मध्येवाट नेपाल सरकारले मनोनित गरेको दुईजना- सदस्य<br>(ठ) कृषि बिकासको क्षेत्रमा उल्लेखनीय कार्य गरेका कृषि उद्यमीहरुरु मध्येबाट नेपाल सरकारले मनोनित गरेको दुईजना- सदस्य<br>(ड) कार्यकारी अध्यक्ष - सदस्य सचिव | |
| ६ | **<u>छ (क) परिषद्को वैठकः</u>**<br>(४) परिषद्को वैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र परिषद्को अध्यक्षको अनुपस्थितिमा परिषद्का सदस्यहरुले आफु मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ। | **<u>६. मूल ऐनको दफा ६ क. मा संशोधनः</u>** मूल ऐनको दफा ६ क. को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-<br>"(४) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित परिषद सदस्यहरु मध्येवाट क्रमानुसारको सदस्यले गर्नेछ ।" | परिषद्को गठनको संरचनामा संशोधन भएकोले सोही अनुसार मिलाउनु परेकोले । |

| | | | |
|---|---|---|---|
| ७ | <u>६ ख परिषद्को काम, कर्तव्य र अधिकारः</u> परिषद्को काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-<br>(क) राष्ट्रिय कृषि नीतिको अधिनमा रही कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्न आवश्यक नीति निर्माण गर्ने ।<br>(ख) कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धानको प्राथमिकता तोक्ने ।<br>(ग) कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्न आवश्यक वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने । | **७.<u>मूल ऐनको दफा ६ ख. मा संशोधनः</u>** मूल ऐनको दफा ६ ख. को खण्ड (क) (ख) र (ग) मा रहेका "अध्ययन तथा अनुसन्धान" भन्ने शब्दहरुको सट्टा "अध्ययन, अनुसन्धान तथा अध्यापन" भन्ने शब्दहरु राखिएको छ । | मानित विश्वविद्यालय संचालनार्थ । |
| ८ | <u>ठ कार्यकारी समितिको गठनः</u> (१) परिषद्को कार्य सञ्चालनको निमित्त देहाय वमोजिमका सदस्यहरु रहेको एउटा कार्यकारी समिति हुनेछः-<br>(क) कार्यकारी निर्देशक- अध्यक्ष<br>(ख) सहसचिव, अर्थ मन्त्रालय सदस्य<br>(ग) सहसचिव, कृषि मन्त्रालय सदस्य<br>(घ) सहसचिव, (कृषि क्षेत्र हेर्ने) रास्ट्रीय योजना आयोग-सदस्य<br>(ङ) महानिर्देशक, कृषि विभाग सदस्य<br>(च) महानिर्देशक, पशु सेवा विभाग सदस्य<br>(छ) परिषद्को क्षेत्रीयस्तरका कार्यालय प्रमूखहरु मध्येबाट | **<u>८. मूल ऐनको दफा ७ मा संशोधनः</u>** मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-<br>"७. कार्यकारी समितिको गठनः परिषद्को कार्य सञ्चालनको निमित्त देहाय बमोजिमका सदस्यहरु रहेको एउटा कार्यकारी समिति हुनेछः<br>(क) कार्यकारी अध्यक्ष- अध्यक्ष<br>(ख) डीन, कृषि तथा पशुविज्ञान अध्ययन संस्थान, त्रि.वि.- सदस्य<br>(ग) सह सचिव, बजेट तथा कार्यक्रम महशाखा अर्थ मन्त्रालय - सदस्य<br>(घ) सह सचिव (योजना), कृषि तथा पशुपन्छी बिकाश मन्त्रालय- सदस्य<br>(ङ) सह सचिव (कृषि क्षेत्र हेर्ने), राष्ट्रिय योजना आयोग- सदस्य | परिषद्को संरचनामा आमूल परिवर्तन गरिएकोले सोही अनूसार कार्यकारी समितिका सदस्यहरुको मनोनयन गर्नूपर्ने भएकोले सोही अननुसार संशोधनको प्रस्ताव गरिएको । |

| | | | |
|---|---|---|---|
| | नेपाल सरकारद्वारा मनोनित एकजना सदस्य<br>(ज) परिषद्को कार्यक्रम निर्देशकहरु मध्येबाट-सदस्य<br>कार्यकारी निर्देशकले मनोनित गरेको एकजना-सदस्य सचिव<br>(२) उपदफा (१) वमोजिम मनोनित सदस्यहरुको पदावधि दूई वर्षको हूनेछ र निजहरु पूनः मनोनित हून सक्नेछन् ।<br>(घ) नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सुचना प्रकाशन गरी समितिका सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछन् । | (च) सह सचिव, शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य<br>(छ) कार्यक्रम निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् - सदस्य सचिव | |
| ९ | ९ समितिको काम, कर्तव्य र अधिकारः परिषद्ले दिएको नीति निर्देशनको अधिनमा रही समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।<br>(क) परिषद्ले दिएको नीति निर्देशनको अधिनमा रही कृषि सम्बन्धी अध्ययन र अनूसन्धान गर्ने गराउने ।<br>(ख) परिषद्ले दिएको नीति निर्देशनको अधिनमा रही कृषि सम्बन्धी अध्ययन र अनूसन्धान गर्न आवश्यक कार्यक्रम तथा बजेध बनाई स्वीकृतिको लागि परिषद्मा पेश गर्ने । | **<u>९. मूल ऐनको दफा ९. मा संशोधनः</u>** मूल ऐनको दफा ९ को विभिन्न स्थानमा रहेका "अध्ययन तथा अनुसन्धान" भन्ने शब्दहरुको सट्टा "अध्ययन, अनुसन्धान तथा अध्यापन" भन्ने शब्दहरु राखिएको छ । | मानित विश्वविद्यालय संचालनार्थ । |

| | | | |
|---|---|---|---|
| | (ग) कृषि अनूसन्धानमा आवश्यक परामर्श सेवा तथा अनूसन्धान सहयोग उपलव्ध गराउने ।<br>(३) कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धान कार्यहरुको तथ्याङ्ढ तथा प्रतिवेदनहरु अद्यावधिक राख्ने ।<br>(ङ) परिषद्ले दिएका निर्देशनहरुको पालना गर्ने गराउने ।<br>(च) कृषि अनूसन्धानसंग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने गराउने । | | |
| १० | १२. लेखा तथा लेखा परीक्षण (१) परिषद्को आय व्ययको लेखा व्यवसायिक लेखा प्रणाली वमोजिम राखिनेछ।<br>२) परिषद्को लेखा परीक्षण महालेखा परीक्षकद्वारा हुनेछ। | **१०. <u>मूल ऐनको दफा १२ मा संशोधन</u>:** मुल ऐनको दफा १२ को उपदफा (१) मा रहेको "व्यवसायिक लेखा प्रणाली" भन्ने शव्दहरुको सट्टा "नेपाल सरकारले अवलम्वन गरेको" भन्ने शव्दहरु राखिएका छन् । | नेपाल सरकारको एकिकृत खर्च व्यवस्थापन प्रणाली अनुसार परिषद्को खर्च व्यवस्थापन संचालन भै सकेकोले |
| ११ | १३[१] कार्यकारी निर्देशकः (१) परिषद्को प्रशासकीय प्रमुखको रुपमा एकजना कार्यकारी निर्देशक रहनेछ।<br>(द्द) कार्यकारी निर्देशकको नियूक्तिको लागि नेपाल सरकार समक्ष सिफारिस पेश गर्न देहाय वमोजिमको सिफारिस समिति रहनेछः<br>(क) सचिव, कृषि मन्त्रालय ।<br>(ख) नेपाल सरकारले तोकेको परिषद्का सदस्य वाहेकका दूईजना लव्ध प्रतिस्ठीत् कृषि बैज्ञानिकहरु । | **११. <u>मूल ऐनको दफा १३ मा संशोधन</u>:** मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छः-<br>**कार्यकारी अध्यक्ष** (१) परिषद्को कार्यकारी निर्देशकको सट्टा कार्यकारी अध्यक्ष हुने छ ।<br>कार्यकारी अध्यक्ष नेपाल सरकारको सचिव सरह हुने छ जसको सचिवालय कृषि तथा पशुपंछी विकास मन्त्रालयमा पनि रहने छ ।<br>(२) नेपाल कृषि अनुसन्धान परिषद्को प्रशासकीय प्रमुखको रुपमा कार्यकारी अध्यक्ष रहनेछ । | नेपाल कृषि अनुसन्धान परिषद्लाई सक्षम र परिणाममूखी बनाउन |

कार्यकारी निर्देशक

| | | | |
|---|---|---|---|
| | (३) उपदफा (२) वमोजिमको सिफारिस समितिले कृषि अनुसन्धान परिषद् अन्तर्गत कार्यरत सक्षम र बरिस्ठ बैज्ञानिकहरु मध्ये तीनजना व्यक्तिहरुलाई कार्यकारी निर्देशकको पदमा नियूक्तिका लागि सिफारिस गर्नेछ र नेपाल सरकारले ती व्यक्तिहरु मध्येबाट एक जनालाई कार्यकारी निर्देशकको पदमा नियूक्ति गर्नेछ।<br>तर परिषद् मा कार्यरत बैज्ञानिकहरु मध्ये उक्त पदमा नियूक्तिको लागि उपयूक्त व्यक्ति उपलव्ध हून नसकेमा सो पद खूल्ला प्रतियोगितादवारा पुर्ति गरिनेछ ।<br>(द्ध) कार्यकारी निर्देशकको पदको लागि सिफारिस हूने व्यक्तिहरुको योग्यता देहाय वमोजिमको हून् पर्नेछ:<br>(क) कृषि सम्बन्धी विषयमा कम्तिमा स्नातकोत्तर तह उतिर्ण गरेको र कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धान कार्यको कम्तिमा दश वर्ष अनूभव भएको ।<br>(ख) कृषि अननुसन्धान सम्बन्धी विषयमा कृतिहरु प्रकाशन गरेको । | (३) कार्यकारी अध्यक्ष नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिश पेश गर्न देहाय बमोजिम सिफारिस समिति रहनेछः-<br>(क) मुख्य सचिव, नेपाल सरकार<br>अध्यक्ष<br>(ख) परिषद्को अध्यक्षले तोकेको कृषि र ब्यबस्थापन बिज्ञ (दुई जना) सदस्य<br>(४) उपदफा (३) बमोजिमको सिफारिस समितिले तीनजना व्यक्तिहरुलाई कार्यकारी अध्यक्ष नियुक्तिका लागि सिफारिस गर्नेछ र नेपाल सरकारले ती व्यक्तिहरुमध्येबाट एकजनालाई कार्यकारी अध्यक्षमा चार बर्षको लागि नियुक्ति गर्नेछ ।<br>(५) उपदफा (४) बमोजिम कार्यकारी अध्यक्षमा सिफारिस हुने व्यक्तिको शैक्षिक योग्यता कम्तिमा पिएच. डी. उपाधि हासिल गरेको, कृषि अनुसन्धान र व्यवस्थापनमा कम्तिमा १५ वर्षको कार्य अनुभव रहेको हुनुपर्नेछ ।<br>(६) नियुक्त कार्यकारी अध्यक्षको पारिश्रमिक, सेवाको शर्त तथा सुविधाहरु नेपाल सरकारले तोके बमोजिम हुनेछ। | |

कार्यकारी निर्देशक

| | | | |
|---|---|---|---|
| | (छ) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निज पूनः चार वर्षको लागि नियूक्ति हून सक्नेछ।<br>तर निजको कार्य सन्तोषजनक नभएमा परिषद्को सिफारिसमा नेपाल सरकारले निजको पदावधि सकिनू अगाडि निजलाई पदबाट हटाउन सक्नेछ।<br>(ट) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सूविधा सम्बन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ। | | |
| १२ | १४ परिषद्को कर्मचारीः (१) परिषद्को कार्य सञ्चालनको निमित्त समितिले आवश्यक कर्मचारीहरु तोकिए वमोजिम नियूक्त गर्नेछ ।<br>(२) उपदफा (१) वमोजिम नियूक्त कर्मचारीहरुको पारिश्रमिक, सेवा, शर्त तथा सूविधा सम्बन्धी व्यवस्था तोकिए वमोजिम हूनेछ। | **<u>१२. मूल ऐनको दफा १४ मा संशोधनः</u>** मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छः-<br><br>(१) परिषद्को कार्य संचालनको निमित्त कृषि अनुसन्धान सेवा गठन भई लोक सेवा आयोगको सिफारिसमा कार्यकारी समितिले आवश्यक कर्मचारीहरु नियुक्ति गर्नेछ ।<br>(२) परिषद्को सेवा अन्तर्गत हाल कार्यरत कर्मचारीहरु उपदफा (१) बमोजिम नियुक्ती भएको मानिनेछ।<br>(३) उपदफा (१) बमोजिम नियुक्त परिषद्का कर्मचारीहरुको पारिश्रमिक, सेवा, शर्त, सुविधा, तलव, भत्ता आदि नेपाल सरकारको निजामती कर्मचारीले पाएकोभन्दा कम नहुनेगरी तोकिए बमोजिम हुनेछ । | कृषि अनुसन्धान नै कृषि विकासको मूल आधार भएको तर यसतर्फ विभिन्न कारणले बैज्ञानिक तथा आकर्षण कम हूदै गएको र बैज्ञानिकहरु विदेश तथा अन्य निकायहरुमा पलायन हुने प्रवृत्ति बढी रहेकोले यी व्यवस्थाहरु ऐनमै स्पस्ट गरी बैज्ञानिक र कर्मचारीहरुलाई सुरक्षाको सूनिश्चितता दिलाई उनिहरुको मनोवल बढाऊन अत्यन्त जरुरी भएको। कृषि अनूसन्धान कार्यमा संलग्न बैज्ञानिक तथा अन्य कर्मचारीहरुको मनोवल उच्च वनाई |

कार्यकारी निर्देशक

| | | | |
|---|---|---|---|
| | | (४) नेपाल सरकारले निजामति कर्मचारीहरुको पारिश्रमिक, सेवा, सुविधा, तलव, भत्ता आदि सम्वन्धमा समय समयमा परिमार्जन गरेमा परिषद् मा स्वतः लागु हुनेछ ।<br>(५) परिषद्का कर्मचारीहरुको नियमानुसारको निवृत्तिभरण, उपदान, सरकारी पासपोर्ट, सिभिल अस्पताल र औषधि उपचार वीमा लगायतका सुविधा नेपाल सरकारको निजामती कर्मचारी सरह हुनेछ ।<br>(६) परिषद्का कर्मचारीहरुलाई विशेष थप सुविधा दिन आवश्यक देखेमा नेपाल सरकारको स्वीकृतिमा परिषद्ले निर्णय गरी लागु गर्न सक्नेछ ।<br>(७) परिषद् मा हाल कायम रहेका पदरतहहरुको समायोजन तथा समकक्षता निर्धारण विनियमावलीमा व्यवस्था गरिनेछ । | कृषि अनुसन्धानको कार्यलाई द्रुतगति दिन आवश्यक भएकोले । |
| १३ | <u>**१९. विनियम बनाउने अधिकारः**</u> यो ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले नेपाल सरकारको स्वीकृति लिई आवश्यक विनियमहरु बनाउन सक्नेछ । | <u>**१३. मूल ऐनको दफा १९ मा संसोधन:**</u> मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः-<br>"**१९.<u>विनियमावली बनाउने अधिकार:</u>** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्को सिफारिसमा नेपाल सरकारले आवश्यक विनियमावलीहरु बनाउन सक्नेछ । | नियमावलीद्वारा परिषद्का काम कारवाहीहरु व्यवस्थित् गर्न आवश्यक भएकोले । |

कार्यकारी निर्देशक